सभा सदस्य ज्यूहरु,
यस गाउँपालिकाले आ.व.२०८०।०८१ म यस गाउँपालिका लाई नेपाल सरकार समानिकरण. अनुदान.११ करोड.आउने अनुमान गरेकोमा हाल सम्म रु. ८ करोड २५ लाख रुपैया प्राप्त भएको छ । संघिय सरकार राजश्व बाँडफाँडबाट रु. ८ करोड ६१ लाख ९८ हजार ४ रुपैया अनुमान गरिएकोमा हाल सम्म ८ करोड ३२ लाख ४० हजार ३ सय ६८ रुपैया प्राप्त भएको छ । गाउँपालिकालाई प्रदेश समानीकरण अनुदान रु.६८ लाख २ हजार अनुमान गरेकोमा हाल सम्म रु.३४ लाख १ हजार प्राप्त भएको छ भने प्रदेश राजश्व बाँडफाँड बाट रु.३६ लाख ६ हजार अनुमान गरेकोमा हाल सम्म रु.३३ लाख ५५ हजार २ सय एक्काइस मात्र प्राप्त भएको छ त्यसैगरी यस गाउँपालिकाको आन्तरिक स्रोत रु.१ करोड.७५ लाख अनुमान गरिएकोमा हाल सम्म रु.७५ लाख मात्र प्राप्त भएको छ।

अत : गाउँपालिकाको समानिकरण अनुदानमा भएको कटौती र लक्ष्य अनुसार आन्तरिक आम्दानी प्राप्त नभएकोले स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको छ।

**सभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष २०८१।०८२ मा हुने आय र व्ययको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमती चाहान्छु ।

यस बर्जु गाउँपालिका लाई नेपाल सरकार समानिकरण अनुदान तर्फ १० करोड ९५ लाख ,राजश्व बाँडफाड (संघ तथा प्रदेश) वाट रु १०.करोड ३० लाख ९९ हजार ४३ रुपैया प्राप्त हुनेछ । यसै गरी प्रदेस वाट समानीकरण अनुदान ६७ लाख ८२ हजार । संघिय सरकार शर्सत अनुदान तर्फ १९ करोड ७४ लाख प्राप्त हुनेछ। यसैगरी बर्जु गाउँपालिको आफनो आन्तरिक स्रोत वाट १ करोड ७७ लाख ४० हजार हुने अनुमान गरेको छु। त्यसै गरी यस गाउँपालिका लाई संघिय सरकार समपूरक अनुदान बाट रु १ करोड ५० लाख र प्रदेश शसर्त अनुदान १ करोड समेत प्राप्त हुने अनुमान गरेको छु।

यसरी गाउँपालिकामा विभिन्न स्रोत वाट आ.व.०८१।८२ का लागि कुल ४७ करोड ४५ लाख ३८ हजार हुने अनुमान गरेको छु।

CS Scanned with CamScanner

सभा सदस्य ज्यूहरु,

अब म आ.व.०८१/८२ हुने व्ययको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ,

आ.व.०८१।०८२ का लागि गाउँपालिका तथा वडा समेतको कार्यालय संचालन,तलब भत्ता, पदाधिकारी सुविधा तथा प्रशासनिक खर्च तर्फ :रु.१० करोड १२ लाख हुने अनुमान गरेको छु, जसमध्ये राजश्व बाँडफाँड ८ करोड ३४ लाख ६० हजार र आन्तरिक स्रोतवाट १ करोड ७७ लाख ४० हजार व्यय हुने अनुमान गरेको छु।

संघिय सरकार तथा प्रदेश सरकारवाट हस्तान्तरित शशर्त चालु कार्यक्रम तर्फ २० करोड ७५ लाख १६ हजार संघिय समपूरक अनुदान प्रदेस समपूरक अनुदान २ करोड ५० लाख खर्च हुने अनुमान गरेको गरेको छु।

यसरी गाँउपालिका मा आ.व.२०८१।०८२ चालु तथा प्रशाासनिक खर्च तर्फ म रु.११ करोड ६५ लाख विनियोजन गरेको छु भने पूजिगत खर्चतर्फ यस आ.व २०८०।०८१ को भूक्तानी बाकी दायित्व ८ करोड र पूजीगत खर्च ४ करोड ५२ लाख २ हजार खर्च विनियोजन गरी आ.व.२०८१।०८२ को कुल रु ४७ करोड ४५ लाख ३८ हजार व्यय अनुमान गरेको छु।

**धन्यवाद**

CS Scanned with CamScanner